# धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८१ साल मंसिर महिना २१ गते शुक्रबार)

यस विकास बैंकको शाखा कार्यालय खोलेसीमलबाट तपशिलमा उल्लेखित ऋणीले व्यक्तिगत आवधिक कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औँ दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

**तपशिल**

**ऋणीको विवरण**

वेफा महतोको छोरी वौना चौतारीयाको बुहारी सत्य नारायण चौतारियाको पत्नी चितवन जिल्ला पदमपुर गा.वि.स. वडा नं. ३ हाल, कालिका न.पा. वडा नं. ३ बस्ने **अनिता कुमारी महतो** (ना.प्र.नं. : ३५३०५/४१५ जारी मिति र जिल्ला : २०६३/११/१०, चितवन)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) जुगा चौतारियाको नाति वौना चौतारियाको छोरा चितवन जिल्ला पदमपुर गा.वि.स. वडा नं. ३ हाल, कालिका न.पा. वडा नं. ३ बस्ने **सत्य नारायण चौतारिया** (ना.प्र.नं. : ३५३०५/५२६ जारी मिति र जिल्ला : २०६३/११/११, चितवन)

२) सोभन चौतारियाको नाति जुगा चौतारियाको छोरा चितवन जिल्ला पदमपुर वडा नं. ४ हाल, कालिका न.पा. वडा नं. ३ बस्ने **वौना चौतारिया** (ना.प्र.नं. : १६७५ जारी मिति र जिल्ला : २०४५/०१/०६, चितवन)

३) गोविन्द महतोको छोरी जुगा चौतारियाको बुहारी बौना चौतारियाको पत्नी चितवन जिल्ला पदमपुर गा.वि.स. वडा नं. ३ हाल, कालिका न.पा. वडा नं. ३ बस्ने **भड्या देवी चौतारिया** (ना.प्र.नं. : ३५३०५/४९१ जारी मिति र जिल्ला : २०६३/११/१०, चितवन)

४) जुगा चौतारियाको नाति वौना चौतारियाको छोरा चितवन जिल्ला पदमपुर गा.वि.स. वडा नं. ३ हाल, कालिका न.पा. वडा नं. ३ बस्ने **विश्व चौतारिया** (ना.प्र.नं. : ३५१००५/३२३ जारी मिति र जिल्ला : २०६८/०१/२०, चितवन)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :** मिति २०८१/०५/२३ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| धनीको नाम | ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| बौना चौतारिया | चितवन जिल्ला पदमपुर वडा नं. ३ | ३ | ८५१ | ११५९.८० |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८१/०९/११ गते विहीबार भित्र यस बैंकको शाखा कार्यालय खोलेसीमल आईपुग्ने गरि पेश गर्नुपर्ने छ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) प्राप्त बोलपत्रहरु मिति २०८१/०९/१२ गते शुक्रबार अर्थात २२ औ दिन दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय खोलेसीमलमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**

**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ